०७१-५३३६०८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
मुकाम: बुटवल, नेपाल

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०५/७

**विषयः शिलबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

उद्यम विकास कोष सन्चालन नियमावली, २०७७ (संशोधन सहित) को व्यवस्था बमोजिम लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि उद्यम विकास कोषको रकमबाट प्रदेश सरकारले व्याज अनुदान प्रदान गर्ने अनुदानग्राहीहरुलाई ऋण प्रदान गर्न बैंकको छनौट गर्नु पर्ने भएकाले नेपाल राष्ट्र बैंकबाट (क) वा (ख) वर्गको इजाजत प्राप्त गरेका र यस प्रदेशका सवै जिल्लामा सोही जिल्लाबाटै सेवा प्रवाह गर्न सक्ने बैंकहरुबाट प्रस्ताव आव्हान गर्न यो सूचना प्रकाशित गरिएको छ ।इच्छुक बैंकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र देहायका शर्तका अधिनमा रहि शिलबन्दी प्रस्ताव मन्त्रालयमा पेश गर्नु हुन सूचित गरिन्छ ।

<u>शर्तहरुः</u>

१. लुम्बिनी प्रदेशका सवै जिल्लामा सम्बन्धित जिल्लाबाटै सेवा प्रवाह गर्ने आधार, प्रवाह गरिने ऋणमा बैंकले लिने व्याजदर, कर्जा भुक्तानी अवधि भित्र व्याज बृद्धि नहुने प्रतिवद्धता पत्र, प्रवाहित ऋणको व्याज अनुदान भुक्तानी लिने प्रकृया र व्याज अनुदानको रकम सम्बन्धित उद्योगको बैंकखातामा जम्मा हुने सुनिश्चितता प्रस्तावमा खुलेको हुनु पर्नेछ ।

२. प्रस्तावको साथमा बैंकको समग्र अवस्था, नेपाल राष्ट्रबैंकबाट वित्तिय कारोबार गर्न प्राप्त गरेको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को आय विवरण पेश गरेको प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि समेत साथमा पेश गर्नु पर्नेछ ।

३. सबै जिल्लामा शाखा नभएको बैंकले आफ्ना शाखा नभएका जिल्लामा अन्यबैंक बाट सेवा प्रवाह गर्ने भएमा सो को सहमति सम्झौता वा प्रतिवद्धता पत्र प्रस्तावसाथ संलग्न गर्नु पर्नेछ ।

४. प्रस्ताव पेश गर्न चाहने बैंकले तोकिएको मिति भित्र आफूले तयार गरेको प्रस्ताव शिलबन्दी गरी खाममा प्रस्तावको पुरा नाम ठेगाना लेखि मन्त्रालयमा दर्ता गराउनु पर्नेछ ।प्रस्ताव पेश गर्न तोकिएको अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा बिदा पछिको कार्यालय खुल्ने दिन प्रस्ताव पेश गर्न सकिने छ ।

५. पेश भएका प्रश्तावहरु पेश गर्न तोकिएको अन्तिम मितिको भोलिपल्ट दिनको २.०० वजे, सो दिन विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा तोकिएका प्रतिनिधि, प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा मन्त्रालयमा खोलिनेछ ।प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नरहे पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

Website:www.moics.lumbini.gov.np    E-mail:moici.lumbini@gmail.com

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
मुकामः-बुटवल, नेपाल

६. दाखिला भएका प्रस्तावहरु निर्णयार्थ उद्यम विकास कोष सन्चालन तथा व्यवस्थापन समितिमा पेश गरिनेछ ।

७. उद्यम विकास कोष सञ्चालन तथा व्यवस्थापन समितिबाट छनौट भएको बैक सँग व्याज अनुदान सम्बन्धी सम्झौता गरिनेछ ।

८. कर्जा प्रवाहको रकम बढीमा रु बीसलाख सम्म हुने र सो कर्जाको तिन वर्षको व्याज रकम वा पाँचलाख मध्ये जुन कम हुन्छ सो रकम व्याज अनुदान वापत प्राप्त हुनेछ

९. ऋण प्रवाह सम्बन्धी प्रकृया सम्बन्धित बैंकको नियम बिनियम बमोजिम हुनेछ ।

१०. व्याज भुक्तानीको प्रकृया मन्त्रालय र बैक विच भएको सम्झौता र उद्यम विकास कोष सन्चालन नियमावली २०७७ (संशोधन सहित) बमोजिम हुनेछ ।

११. म्याद नाघी आएको वा सूचनाको शर्त बमोजिम रित नपुऱ्याइ पेश भएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

१२. सूचनामा उल्लेख भएकोमा सूचना बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. विस्तृत जानकारीका लागि यस मन्त्रालयको औद्योगिक प्रवर्द्धन शाखामा सम्पर्क राख्न सकिनेछ ।

०७९/५/६

सचिव

Website:www.moics.lumbini.gov.np E-mail: moici.lumbini@gmail.com